माननीय मन्त्रीबाट स्वीकृत मिति

२०८३/१/१६

# राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रम

# (२०८३-२०८८)

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

२०८३

# विषयसूची


१.पृष्ठभूमि........................................................................................१

१.१ राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रमको आवश्यकता..........................२

१.२ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यका क्षेत्रमा राष्ट्रिय उपलब्धि.................................३

१.३ राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रमका लागि अपनाइएको प्रक्रिया........... ४

१.४ सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा चुनौतीको विश्लेषण .......................................६

२. राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रम ................................................१२

२.१ दुरदृष्टि.........................................................................................१२

२.२ उद्देश्य...........................................................................................१२

२.३ प्रतिफल ......................................................................................... १३

३. कार्यक्रमको क्षेत्र.................................................................................१५

४. कार्ययोजना......................................................................................१५

५. राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रमको कार्यान्वयन पद्धति .........................३०

५.१ बजेट व्यवस्थापन ..............................................................................३०

५.२ संस्थागत तथा संचालन व्यवस्थापन .......................................................... ३३

५.३ अनुगमन, मूल्याङ्कन र प्रतिवेदन...........................................................३४

## १.पृष्ठभूमि

देशको आर्थिक वृद्धिको बलियो शक्ति र सबैभन्दा महत्वपूर्ण सूचक औद्योगिकीकरण हो। यसप्रकारको वृद्धिलाई द्रुत प्रविधिगत परिवर्तन, अर्थतन्त्रको आकारमा भएको विस्तार तथा विश्वव्यापी उत्पादन सञ्जालमा सहजरुपमा समाहित हुने अवस्थाको रुपमा व्याख्या गर्न सकिन्छ। तीव्र औद्योगिकीकरणसँगै भएको आर्थिक वृद्धिले आम्दानीको वितरण र गुणस्तरीय जीवनस्तरमा उल्लेखनीय प्रभाव पारेको छ। यद्यपि, यसले व्यवसायजन्य जोखिम र स्वास्थ्यमा चुनौती उत्पन्न भई विश्वभर व्यवसायजन्य दुर्घटनाको दर बढ्दै गएको छ।

मानव-केन्द्रित दृष्टिकोणका हिसाबले सुरक्षित र स्वस्थ कार्य वातावरण सबै श्रमिकको मौलिक अधिकार तथा सक्षमता अभिवृद्धि गर्ने अधिकार हो। यसले सबै कामदारको लागि मर्यादित कामको प्रवर्द्धन गर्दछ। व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको अवधारणाले मर्यादित, सुरक्षित र स्वस्थ कार्य अवस्था तथा हिंसा र दुर्व्यवहारबाट मुक्त भएको अवस्थालाई प्रवर्द्धन गर्ने उद्देश्य राख्दछ। यसले कार्यस्थल तथा कामका क्रममा कुनै पनि व्यक्तिलाई शारीरिक, मानसिक, आर्थिक तथा सामाजिक रुपमा असर पार्ने जोखिमहरूबाट बच्न, न्यूनीकरण गर्न वा न्यूनीकरणका उपाय अपनाउन प्रेरित गर्दछ। रोकथामको उपायको रुपमा रहेको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य संस्कृतिको प्रवर्द्धनले स्पष्ट रुपमा परिभाषित प्रणालीगत कार्यसम्पादनमार्फत कार्यस्थलमा श्रमिक तथा रोजगारदाताको भलाईको सुनिश्चितता गर्दछ।

विश्वव्यापी रुपमा देशहरूले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको अवस्थालाई सुधार गर्न तथा श्रमिकहरूको स्वास्थ्य सुनिश्चित गर्न रणनीतिक दृष्टिकोण, कानुनी उपकरणहरू र उत्कृष्ट अभ्यासहरू अवलम्बन गरिरहेका छन्। नेपालमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी प्रमुख कानुनी व्यवस्थाहरूमा श्रम ऐन, २०७४; ट्रेड युनियन ऐन, २०५०; योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४; रोजगारीको हकसम्बन्धी ऐन, २०७५; श्रम नियमावली, २०७५; राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६; नेपालको राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रोफाइल, २०७८ तथा सडक पूर्वाधारका लागि व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा नीति तथा मार्गदर्शन, २०७९ रहेका छन्। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले देशभित्र विद्यमान राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रणालीलाई सुदृढ गर्ने गरी कार्य गरिरहेको छ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनले राष्ट्रिय कार्यक्रममार्फत सुरक्षा तथा स्वास्थ्य संस्कृतिको निर्माण र संरक्षण गर्ने उद्देश्यले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यका मापदण्डहरू प्रस्तुत गरेको छ। प्रमुख मापदण्डहरूमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य महासन्धि (C१५५) पर्दछ। साथै, प्रगतिको मूल्याङ्कन गर्न आवश्यक जानकारी सङ्कलनसम्बन्धी २००२ को प्रोटोकलले यसलाई पूरक रुपमा सुदृढ बनाएको छ। व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रवर्द्धन ढाँचा महासन्धि, २००६ (C१८७) तथा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रवर्द्धन सिफारिस, २००६ (नं.१९७) ले सुरक्षित तथा स्वस्थ कार्य वातावरणको प्रवर्द्धनसम्बन्धी कार्यलाई सुदृढ गर्ने लक्ष्य राख्दछन्। निजी रोजगार एजेन्सी महासन्धि (C१८१) ले श्रमिकहरूको संरक्षण गर्ने तथा संघ-सङ्गठनको स्वतन्त्रताको अधिकार र सामूहिक सौदाबाजी एवम् सामाजिक संवादको प्रवर्द्धनमार्फत सुमधुर औद्योगिक सम्बन्ध सुनिश्चित गर्ने विषयमा जोड दिएको छ।

राष्ट्रिय, प्रादेशिक, स्थानीय, क्षेत्रगत तथा कार्यस्थल तहमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यलाई निरन्तर रुपमा सुधार गर्न राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी राष्ट्रिय कार्यक्रम तय गरिएको हो। निश्चित समयावधिभित्र सुरक्षित तथा स्वस्थ वातावरण सुनिश्चित गर्न व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सुधारसम्बन्धी प्राथमिकता, उद्देश्य र लक्ष्यहरूमा केन्द्रित रहँदै प्रगति मूल्याङ्कनका लागि आवश्यक सूचकहरू समेत समावश गरी यो कार्यक्रम तयार गरिएको छ।

### १.१ राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रमको आवश्यकता

सन् २०१७ मा व्यवसायजन्य स्वास्थ्य सेवाका सम्बन्धमा गरिएको विश्वव्यापी सर्वेक्षण अनुसार कुल श्रमिक संख्याको करिब ८० प्रतिशत हिस्सा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी कानुन तथा राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रणालीहरूले प्रदान गर्ने संरक्षणको दायराभित्र समेटिएको छैन। विश्वव्यापी रुपमा करिब २९ लाख मानिसहरूले कामसँग सम्बन्धित घटनाहरूमा आफ्नो जीवन गुमाउँछन् भने ४० करोड २ लाख मानिसहरू कामसँग सम्बन्धित दुर्घटना, रोग र स्वास्थ्य समस्या भोगिरहेका छन्। कामसँग सम्बन्धित घटना र रोगका कारण ८१ प्रतिशत र व्यवसायजन्य चोटपटकका कारण १९ प्रतिशत मृत्युदर रहेको देखिन्छ।

नेपालमा श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रबर्द्धनका लागि प्रतिष्ठानहरुको निरीक्षण र श्रम अडिटलाई महत्व दिएको छ। राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रोफाइल, २०७८ अनुसार, सन् २०१० देखि २०१९ सम्म ३ सय ९४ व्यवसायजन्य दुर्घटना भएका थिए, जसमा ४६ जनाको मृत्यु भएको थियो। साथै, श्रम तथा व्यवसायजन्य सुरक्षा

विभागको वार्षिक प्रतिवेदन, २०८० अनुसार  वि.स. २०७८-२०८० को अवधिमा जम्मा ९५ वटा दुर्घटनाको प्रतिवेदन गरिएको छ। सामाजिक सुरक्षा कोषले वि.स २०८० मा २ हजार ८ सय ८३ घटनाको दुर्घटना तथा अपाङ्गता योजनाअन्तर्गत क्षतिपुर्ति उपलब्ध गराएको प्रतिवेदनमा उल्लेख गरिएको छ। तथापि, यी दुर्घटनाका तथ्याङ्कहरूले वास्तविक घटनाहरूको सानो हिस्सा मात्र समेट्छन्।

१६औं योजना (२०७६/७७-२०७९/८०) ले कार्यस्थललाई सुरक्षित, स्वस्थ र उत्पादनमुखी बनाउन विद्यमान श्रम कानुनहरू परिमार्जन गर्ने, वैज्ञानिक श्रम निरीक्षण प्रणाली तथा नमूना श्रम कार्यालयहरूको विकास गर्ने र व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य मापदण्डहरू लागू गर्ने जस्ता विभिन्न गतिविधिहरूमा जोड दिएको छ। तथापि, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य निगरानीको अभाव, कमजोर चेतनास्तर, सरोकारवालाबीच कानुनको अनुपालनको अभाव व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रणालीको दिगोपनाको प्रमुख चुनौतीहरू हुन्। नेपालमा समग्र व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रम विकास गरी यी चुनौतीहरूलाई सम्बोधन गर्नु आवश्यक छ।

## १.२ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यका क्षेत्रमा राष्ट्रिय उपलब्धि

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको प्रवर्द्धनका लागि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तथा यस अन्तर्गतका निकाय: श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र  र श्रम तथा रोजगार कार्यालय जस्ता संरचनाहरू स्थापना भएका छन्। त्यसैगरी, मन्त्रालयमा छुट्टै व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य हेर्ने शाखाको स्थापना, विभागमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्पर्क व्यक्ति तथा रोजगारदाता र ट्रेड युनियन सङ्गठनभित्र व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्पर्क युनिट र व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य समितिको स्थापनाले सम्बन्धित सरोकारवालाहरूको प्रतिबद्धता दर्शाउँछ। साथै, सामाजिक सुरक्षा कोषको स्थापना तथा लाभग्राहीहरूका लागि दुर्घटना तथा अशक्तता योजनाको सुरुवात उल्लेखनीय उपलब्धिका रुपमा रहेका छन्।

कानुन, नियमावली, नीति, मापदण्ड तथा मार्गदर्शनहरूमा समावेश भएका व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी व्यवस्थाले नेपालमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रणालीलाई सुदृढ बनाएको छ। सङ्घीय शासन प्रणाली अन्तर्गत नेपालका केही प्रदेशहरूमा श्रम तथा यातायातजस्ता छुट्टै मन्त्रालयहरू स्थापना गरिएका छन् जसले श्रम तथा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी जिम्मेवारी वहन गरिरहेका छन्। यद्यपि, ती प्रादेशिक मन्त्रालयहरूको संस्थागत क्षमता तथा

अधिकारक्षेत्रभित्रका सेवा सुदृढ गर्न थप प्रयास आवश्यक छ। प्रदेशस्तरमा छुट्टै संरचना हुँदा श्रमसम्बन्धी सेवामा सहज पहुँच भए तापनि प्रतिष्ठानस्तरमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी जिम्मेवारीको प्राथमिकता निर्धारण तथा दोहोरोपन हुने जोखिम पनि विद्यमान छ। वर्तमान अवस्थामा बढ्दो श्रमशक्तिको प्रभावकारी व्यवस्थापन अत्यन्त आवश्यक रहेको छ।

देशका विभिन्न स्थानमा गरी जम्मा एघार वटा श्रम तथा रोजगार कार्यालयहरू सञ्चालनमा रहेका छन्। यी कार्यालयहरूले श्रमिक र रोजगारदाताबीच न्याय सुनिश्चित गर्ने, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रवर्द्धन गर्ने तथा दिगो औद्योगिक सम्बन्ध वृद्धिका लागि सौहार्दता कायम गर्ने कार्य गर्दै आएका छन्। कानुनी प्रावधानको पालना भए नभएको सुनिश्चित गर्न आ-आफ्नो कार्यक्षेत्रभित्रका प्रतिष्ठानहरूको निरीक्षण गर्ने जिम्मेवारी यी सबै श्रम तथा रोजगार कार्यालयहरूमा रहेको छ।

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्रले एकदेखि चौध दिन अवधिका कार्यस्थल सुधार, मूल्याङ्कन तथा निरीक्षण, श्रमिक स्वास्थ्य परीक्षण, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य दिवस मनाउने कार्यक्रम तथा सुरक्षा पोस्टर, भिडियो क्लिप, प्रारम्भिक म्यानुअल आदिको विकास लगायत तालिम तथा सचेतना कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य निरीक्षण चेकलिस्ट तथा कार्यस्थल दुर्घटना र रोग अभिलेखीकरणको ढाँचा विकास गरी कार्यान्वयनमा ल्याइएको छ। विभिन्न रोजगारदाता सङ्गठनहरूले समेत यस सम्बन्धी क्षेत्रगत नीति र आचारसंहिता निर्माण गरी लागू गर्ने तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने कामहरू समेत गरिरहेका छन्।

यद्यपि, कानुन तथा नीतिको पूर्ण परिपालनाको अभाव, अपर्याप्त जनशक्ति तथा निरीक्षण पूर्वाधार, भौगोलिक रुपमा फराकिलो सेवा क्षेत्र तथा विषयगत तालिम म्यानुअलको अभावजस्ता चुनौतीहरू अझै कायम छन्।

## १.३ राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रम विकास गर्नका लागि अपनाइएको प्रक्रिया

**त्रिपक्षीय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य समितिको विकास:** श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रमको विकासका लागि सरकार, रोजगारदाता तथा ट्रेड युनियनको प्रतिनिधित्व हुने गरी त्रिपक्षीय समिति गठन गरेको थियो। उक्त समितिले प्राविधिक सहयोगका लागि अन्तर्राष्ट्रिय श्रम सङ्गठन तथा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य विज्ञहरूलाई आमन्त्रित सदस्यका रुपमा सहभागी गराउन सक्ने व्यवस्था गरिएको एवम् श्रम सम्बन्ध तथा सामाजिक सुरक्षा महाशाखाका सहसचिवले प्राविधिक समितिको नेतृत्व गर्ने व्यवस्था रहेको र

यसमा आठजना सदस्य तथा दुई जना आमन्त्रित सदस्य रहेका थिए। यस समितिलाई कार्यक्रम तयारीको क्रममा सहजीकरण, अनुगमन तथा सहयोग गर्ने अधिकार प्रदान गरिएको थियो। प्रत्येक गतिविधिको योजना तथा प्रगतिबारे छलफल गर्न मन्त्रालयमा आवश्यकता अनुसार विभिन्न अन्तरालमा आवश्यक रुपमा बैठकहरू बसेका थिए।

**विभिन्न तहमा परामर्श कार्यशालाहरूः** राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रम अन्तर्गत सहभागीहरूको अनुभव, बुझाइ तथा धारणाहरूको अध्ययन तथा विश्लेषण गर्न त्रिपक्षीय प्रतिनिधित्व सुनिश्चित हुने गरी काठमाडौं, हेटौंडा र विराटनगरमा विभिन्न चरणमा परामर्श कार्यशालाहरू सञ्चालन गरिएका थिए। कार्यशालाहरू सञ्चालनको क्रममा सहभागीहरूसँग अनुभव तथा निष्कर्षहरू आदानप्रदान गर्नुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवधारणा र राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रमका लागि सान्दर्भिक विषयहरू छलफल गरिएका थिए। त्यसपछिका कार्यक्रमका लागि आधारभूत तहका सूचना तथा सुझावहरू सङ्कलन गर्न समूहगत छलफल सञ्चालन गरिएको थियो। विभिन्न संस्थाबाट १ सय ५० भन्दा बढी सहभागीहरूले यी कार्यशालाहरूमा सहभागिता जनाएका थिए। यी कार्यशालाहरूमा साना निर्माण कार्य, चिया तथा अलैंची खेती, अन्य कृषि कार्य, फोहोर व्यवस्थापन तथा सरसफाइ, धातुजन्य हस्तकला तथा अन्य घरेलु काम, पर्यटन, भरिया तथा यातायात क्षेत्र लगायत सबैभन्दा जोखिमयुक्त श्रमिक समूह र त्यस्ता सङ्गठनहरूको प्रतिनिधित्व रहेको थियो।

**व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य विज्ञ समूह बैठकः** नेपालमा कार्यरत विभिन्न कार्यक्षेत्रका विषयगत विज्ञहरूको प्रतिनिधित्व हुने गरी काठमाडौंमा विषयगत व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य विज्ञ परामर्श समूह बैठक आयोजना गरिएको थियो। परामर्श कार्यशालाबाट प्राप्त सुझावका आधारमा तयार गरिएको प्रारम्भिक प्रतिवेदनमाथि विस्तृत छलफल गरिनुका साथै प्रतिवेदनलाई अन्तिम रुप दिन थप सुझावहरू सङ्कलन गरिएको थियो। उक्त समूह बैठकमा विभिन्न कार्यक्षेत्रका ४० भन्दा बढी विज्ञहरूको सहभागिता रहेको थियो।

**व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य त्रिपक्षीय समितिको प्रतिक्रियाः** कार्यक्रमको तयारी, सञ्चालन तथा प्रतिवेदन तयार गर्ने प्रत्येक चरणमा निरन्तर रुपमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य त्रिपक्षीय समितिबाट प्रतिक्रिया तथा सुझावहरू प्राप्त गरिएका थिए। ती प्रतिक्रिया तथा सुझावहरू मुख्यतया कार्यक्रमको ढाँचा र कार्यान्वयन पद्धतिमा केन्द्रित थिए।

**अन्तर-मन्त्रीस्तरीय समन्वय बैठकः** प्राविधिक त्रिपक्षीय समिति बैठक, परामर्श कार्यशाला तथा विज्ञ समूह बैठकहरूको दौरानमा नियमित अन्तरालमा अन्तर-मन्त्रीयस्तरीय समन्वय बैठकहरू समेत आयोजना गरिएका थिए। सङ्घीय शासन प्रणाली तथा विषयगत कार्यक्षेत्रलाई ध्यानमा राखी यी बैठकहरूमा सम्बन्धित मन्त्रालयहरूका अभ्यास, विद्यमान समन्वय संयन्त्र तथा राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रमको दिगोपनासम्बन्धी विषयहरूमा छलफल गरिएको थियो।

**अन्तर्राष्ट्रिय श्रम सङ्गठनको प्राविधिक प्रतिक्रियाः** प्रतिवेदनको तयारी सहित कार्यक्रमका सबै चरणहरूमा अन्तर्राष्ट्रिय श्रम सङ्गठनको प्राविधिक टोलीबाट निरन्तर प्राविधिक प्रतिक्रिया प्राप्त गरिएको थियो। अन्तर्राष्ट्रिय श्रम सङ्गठनको टोलीले प्रत्येक गतिविधि तथा प्रतिवेदनको समालोचनात्मक समीक्षा गर्दै राष्ट्रिय कार्यक्रमका लागि उपयुक्त अन्तर्राष्ट्रिय सन्दर्भ तथा नमूनाहरू उपलब्ध गराएको थियो।

**राष्ट्रिय कार्यक्रम दस्तावेजको अन्तिम रुपः** अन्तर्राष्ट्रिय श्रम सङ्गठनको प्राविधिक टोली तथा राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य त्रिपक्षीय समितिबाट प्रारम्भिक प्रतिवेदनको गहन समीक्षा पश्चात तयार गरिएको राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रमसम्बन्धी दस्तावेजलाई मन्त्रालयले अन्तिम रुप दिएको हो।

### १.४ सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा चुनौतीको विश्लेषण

राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रम विकास गर्ने क्रममा सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा चुनौतीको विश्लेषणका लागि सात वटा प्राथमिकताका क्षेत्रहरू पहिचान गरिएको र प्राथमिकता क्षेत्रहरूको वर्तमान अवस्थाको मूल्याङ्कन गर्दै सोको सबल पक्ष, दुर्बल पक्ष, सुधारका अवसर तथा विद्यमान चुनौतीहरू पहिचान गरिएको छ। उक्त विश्लेषणले कार्यक्रमका उद्देश्यहरू निर्धारण गर्न, प्रत्येक उद्देश्यअन्तर्गत लक्षित उपलब्धि पहिचान गर्न, आवश्यक कार्यहरू सिफारिस गर्न तथा प्रगति सूचकहरू निर्धारण गर्न सहजीकरण गरेको हुँदा यसले राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रमको आधार तयार गरेको छ। विश्लेषणबाट प्राप्त निष्कर्षहरू देहायबमोजिम रहेका छन्:-

## सबल पक्ष

| प्राथमिकताका क्षेत्र | सबल पक्ष |
|---|---|
| नीतिगत/कानुनी | • श्रम ऐन, २०७४ तथा श्रम नियमावली, २०७५ मा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी प्रावधानहरू समावेश गरिएको।<br>• राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६ तथा राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रोफाइल, २०७८ तयार गरिएको।<br>• औपचारिक तथा अनौपचारिक अर्थतन्त्रमा संलग्न श्रमिकहरूलाई समेट्ने तथा राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रणालीलाई सुदृढ बनाउने उद्देश्यले व्यावसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी राष्ट्रिय रणनीतिक कार्ययोजना विकास गर्न सरकार प्रतिवद्ध रहेको। |
| संस्थागत क्षमता | • मन्त्रालयमा छुट्टै शाखा र मन्त्रालय अन्तर्गत व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्य गर्न छुट्टै विभाग रहेको।<br>• मन्त्रीको नेतृत्वमा केन्द्रीय श्रम सल्लाहकार परिषद् रहेको।<br>• नीति, तालिम तथा अनुसन्धानमा केन्द्रित छुट्टै व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र स्थापना गरिएको।<br>• विभागमा छुट्टै व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य शाखा स्थापना गरिएको। |
| निरीक्षण संयन्त्र | • श्रम निरीक्षकमार्फत प्रतिष्ठानहरूको नियमित रुपमा निरीक्षण भइरहेको।<br>• कर्मचारी तथा श्रम निरीक्षकहरूको लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्रद्वारा तालिम सञ्चालन गरिएको।<br>• व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रयोगशाला र आवश्यक उपकरणहरू रहेका। |
| सहकार्य र संयोजन | • सामाजिक साझेदारहरू र अन्य सम्बन्धित मन्त्रालयहरूसँग परामर्श कार्यशालाहरू आवश्यकता अनुसार सञ्चालन गरिएको। |
| व्यवसायजन्य रोग तथा दुर्घटना प्रतिवेदन प्रणाली | • श्रम ऐनको प्रावधान अनुसार व्यवसायजन्य दुर्घटना र रोगहरूको प्रतिवेदन गर्ने गरिएको।<br>• व्यवसायजन्य रोग तथा दुर्घटना प्रतिवेदन गर्न संयन्त्रहरू रहेका। |
| अनुसन्धान, सिकाइ, सचेतना, शिक्षा र तालिम | • श्रम निरीक्षकहरूको लागि अभिमुखीकण कार्यक्रमहरू सञ्चालन गरिएका।<br>• व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्रमा विषयगत पाठ्यक्रम तथा व्यावहारिक मार्गदर्शन सामग्रीहरू उपलब्ध रहेका। |

| प्राथमिकताका क्षेत्र | सबल पक्ष |
| --- | --- |
| | • पर्यावरण विज्ञान, श्रम अध्ययन र व्यवसायजन्य स्वास्थ्य सम्बन्धी स्नातकोत्तर स्तरको पाठ्यक्रममा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य समावेश गरिएको।<br>• व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्रबाट व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी केही तालिम मोड्युल/पाठ्यक्रमहरू डिजाइन गरिएका। |
| प्रतिष्ठानस्तरको पालना | • बीस वा सो भन्दा बढी श्रमिक भएका प्रतिष्ठानहरूमा प्रतिष्ठानस्तरीय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति निर्माण र समिति स्थापना गर्नुपर्ने व्यवस्था गरिएको। |

## दुर्बल पक्ष

| प्राथमिकताका क्षेत्र | दुर्बल पक्ष |
| --- | --- |
| नीतिगत/कानुनी | • कानुनमा समावेश गरिएका व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी प्रावधानहरू अपर्याप्त रहेका।<br>• प्रदेश तथा स्थानीय तहको भूमिका स्पष्ट रुपमा परिभाषित नभएको।<br>• सीमित जनशक्ति, स्रोतसाधनको कमी तथा न्यून दण्ड-जरिवानाजस्ता कारणले गर्दा संघ, प्रदेश तथा स्थानीय तहमा कानुनको कार्यान्वयन तथा कारवाहीको स्तर कमजोर रहेको। |
| संस्थागत क्षमता | • व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको कार्यान्वयन प्रभावकारी रुपमा गर्न तालिम, बजेट, दक्ष र तालिमप्राप्त जनशक्ति अपर्याप्त रहेको। |
| निरीक्षण संयन्त्र | • श्रम निरीक्षकहरूको संख्या सीमित रहेको।<br>• क्षमता र स्रोतसाधन अपर्याप्त रहेको।<br>• अनौपचारिक क्षेत्रको निरीक्षण तथा अनुगमन पर्याप्त नरहेको।<br>• व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी आवश्यक प्रयोगशाला र उपकरण तथा दक्ष जनशक्ति अपर्याप्त रहेको। |
| सहकार्य र संयोजन | • अन्तर-मन्त्रालय तथा अन्तर-संस्थागत सहकार्य सुनिश्चित गर्न स्थायी संयन्त्र नरहेको। |

| प्राथमिकताका क्षेत्र | दुर्बल पक्ष |
|---|---|
| व्यवसायजन्य रोग तथा दुर्घटना प्रतिवेदन प्रणाली | • व्यवसायजन्य दुर्घटना र रोगहरूको प्रतिवेदनका लागि एकिकृत प्रणाली नरहेको।<br>• उच्च जोखिमयुक्त क्षेत्रगत मापदण्डहरू अपर्याप्त रहेका। |
| अनुसन्धान, सिकाइ, सचेतना, शिक्षा र तालिम | • तालिम मोड्युलहरू व्यवसायिक परिवेश तथा स्वास्थ्य र सुरक्षा अनुकूल हुने गरी अद्यावधिक नरहेको।<br>• रोकथाममा केन्द्रित हुन र प्रतिष्ठानमा सुरक्षा संस्कृतिको प्रवर्द्धन गर्न प्रयासहरु अपर्याप्त रहेको।<br>• व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यका क्षेत्रमा कार्यरत पेशाविद्हरुलाई मान्यता दिने प्रणालीको व्यवस्था नरहेको।<br>• श्रम र व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी विषयमा स्नातकोत्तर तहको पढाई अपर्याप्त देखिएको। |
| प्रतिष्ठानस्तरको पालना | • कार्यस्थलमा जिम्मेवार व्यक्तिलाई व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी पर्याप्त सचेतनाको अभाव रहेको।<br>• कार्यस्थलमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य समिति आवश्यकतानुसार स्थापना नगरिएको र स्थापना भए पनि पर्याप्त रुपमा सञ्चालनमा नरहेको।<br>• सर्वसाधारण, श्रमिक तथा व्यवस्थापन प्रतिनिधिहरूका लागि कार्यस्थलमा हुने व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य जोखिम, खतरा तथा उपायबारे आवश्यक तालिम पर्याप्त रुपमा सञ्चालन नभएको। |

**अवसर**

| प्राथमिकताका क्षेत्र | अवसर |
|---|---|
| नीतिगत/कानुनी | • सबै तहका सरकारलाई समेट्ने गरी व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी विस्तृत कानुनी व्यवस्था छुट्टै कानुनको रुपमा वा विद्यमान श्रम कानुनमा संशोधनमार्फत तयार गर्नु।<br>• कार्यस्थलमा विद्यमान व्यवसायजन्य जोखिम वा खतराहरूको पहिचान तथा मूल्याङ्कन गर्दै ती जोखिमहरूलाई स्रोतस्थलमै नियन्त्रण गर्ने दृष्टिकोण अवलम्बन गरी राष्ट्रिय स्तरको रोकथाममुखी सुरक्षा तथा स्वास्थ्य संस्कृतिको विकास गर्नु। |

| प्राथमिकताका क्षेत्र | अवसर |
|---|---|
| | • उच्च जोखिमयुक्त क्षेत्रहरूका लागि क्षेत्रगत व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य मापदण्ड तथा मार्गदर्शनहरू विकास गर्नु।<br>• सातवटै प्रदेशमा स्रोतसाधनको पर्याप्त, उचित र सन्तुलित वितरण सुनिश्चित गर्नुका साथै दक्ष तथा तालिमप्राप्त जनशक्तिको दीर्घकालीन संरक्षण गर्ने व्यवस्था मिलाउनु। |
| संस्थागत क्षमता | • प्रदेशस्तरीय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य निकाय र कार्यान्वयन संयन्त्रहरू स्थापना गर्नु।<br>• प्रदेशस्तरीय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रोफाइल तथा कार्यक्रमहरू विकास गर्नु।<br>• व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यका क्षेत्रमा कार्यरत जनशक्तिलाई प्रोत्साहित गर्न आवश्यक तालिम सहितको व्यवस्था मिलाउनु। |
| निरीक्षण संयन्त्र | • तालिमप्राप्त निरीक्षकहरूको संख्या वृद्धि गरी प्रभावकारी सेवा प्रदान गर्नुका साथै निरीक्षण प्रणालीलाई डिजिटल प्रणालीसँग एकीकृत गर्नु।<br>• उच्च जोखिमयुक्त क्षेत्रहरूका लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य रणनीतिक अनुपालन प्रणाली विकास गर्नु। |
| सहकार्य र संयोजन | • सम्बन्धित सबै सरोकारवालाहरूबीच समन्वय र सहकार्य गर्न स्थायी सञ्जाल स्थापना गर्नु। |
| व्यवसायजन्य रोग तथा दुर्घटना प्रतिवेदन प्रणाली | • विस्तृत राष्ट्रिय व्यवसायजन्य रोग तथा दुर्घटना सूचना प्रणाली विकास गर्नु। |
| अनुसन्धान, सिकाइ, सचेतना, शिक्षा र तालिम | • व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य निरीक्षण, पाठ्यक्रम विकास, तालिम, प्रमाणपत्र तथा मान्यता सम्बन्धी प्रणालीलाई आधुनिक बनाउनु।<br>• रोजगारदाता र श्रमिकहरूलाई प्राविधिक तथा विशेषज्ञ सेवा प्रदान गर्ने तथा विभिन्न सरोकारवालाहरूलाई सामूहिक कार्यका लागि एकत्रित गरी प्रदेशस्तरमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य ज्ञान केन्द्र स्थापना गर्नु।<br>• दक्ष र व्यवसायिक जनशक्ति तयार गर्नको लागि विश्वविद्यालय र व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्रहरू व्यावसायिक पाठ्यक्रम र तालिम मोड्युलहरू विकास गर्न उत्साहित हुनु। |

| प्राथमिकताका क्षेत्र | अवसर |
|---|---|
| प्रतिष्ठानस्तरको पालना | • क्षेत्रगत र प्रतिष्ठानस्तरमा श्रमिक तथा रोजगारदाताको सक्रिय सहभागितामार्फत रोकथाममुखी उपायहरू प्रवर्द्धन गर्नु।<br>• प्रतिष्ठानस्तरमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य व्यवस्थापन प्रणाली स्थापना गर्नु।<br>• प्रतिष्ठानस्तरमा रोकथाममा केन्द्रित सुरक्षा प्रणलाको प्रवर्द्धन सुनिश्चित गरी व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी गुनासो निवारण र क्षतिपूर्ति दर सुधार गर्नु। |

## चुनौती

| प्राथमिकताका क्षेत्र | चुनौती |
|---|---|
| नीतिगत/कानुनी | • नेपाल सन् २०२६ मा न्यून विकसित मुलुकको हैसियतबाट विकासशिल मुलुकमा स्तरोन्नति हुने सन्दर्भमा विश्वव्यापी व्यापारका सम्भावित अवसरहरू गुम्ने जोखिम कम गर्न व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रणाली थप सुदृढ गर्नु।<br>• हाल विद्यमान अवस्थाले स्वास्थ्य सेवा प्रणालीमाथि थप आर्थिक तथा संरचनात्मक बोझ सिर्जना गर्नुका साथै प्रतिष्ठानहरूको उत्पादनशीलतामा नकारात्मक प्रभाव पारेको सन्दर्भमा रोकथाममुखी तथा प्रणालीगत दृष्टिकोणमा केन्द्रित हुनु।<br>• कृषि क्षेत्र, गिग तथा प्लेटफर्म अर्थतन्त्र, घरेलु तथा सुक्ष्म प्रतिष्ठानहरू, साथै स्वरोजगार श्रमिकहरू (जस्तै प्लम्बर, इलेक्ट्रीसियन, सडक व्यापारी तथा डिजिटल प्लेटफर्ममार्फत स्वतन्त्र रुपमा कार्यरत अन्य श्रमिकहरू) सहित अनौपचारिक अर्थतन्त्र तथा नयाँ किसिमका कार्यव्यवस्थामा संलग्न श्रमिकहरूलाई श्रम ऐनको दायराभित्र ल्याउनु। |
| संस्थागत क्षमता | • व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यका सन्दर्भमा प्रदेश र स्थानीय सरकारको भूमिका र यसका प्रावधानको कार्यान्वयनलाई थप सुदृढ बनाउनु।<br>• प्रदेशस्तरमा छुट्टै व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य संस्था र व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रणालीको स्थापना गर्नु। |
| निरीक्षण संयन्त्र | • अनौपचारिक क्षेत्रलाई श्रम ऐनको दायरामा ल्याउनु। |

| प्राथमिकताका क्षेत्र | चुनौती |
|---|---|
| | • स्रोतसाधनको उपलब्धता सीमित हुनु। |
| सहकार्य र संयोजन | • अन्तर्राष्ट्रिय श्रम सङ्गठन लगायतका अन्तर्राष्ट्रिय निकाय र विकास साझेदारसँगको सम्बन्ध र सहकार्यलाई सुदृढ बनाउनु। |
| व्यवसायजन्य रोग तथा दुर्घटना प्रतिवेदन प्रणाली | • व्यवसायजन्य रोगहरूको रोकथाम, पहिचान र उपचारका लागि स्वास्थ्य सेवा प्रदायक तथा विशेषज्ञहरूलाई प्रणालीमा समावेश गरी राष्ट्रिय स्वास्थ्य प्रणालीमा एकीकृत गर्नु। |
| अनुसन्धान, सिकाइ, सचेतना, शिक्षा र तालिम | • हाल रहेका विशेषज्ञहरूको पूर्ण उपयोग गर्नु।<br>• व्यवसायिक क्षेत्र /रोजगारदाता, श्रमिक तथा सरकारलाई सहयोग पुऱ्याउन थप तालिमप्राप्त र प्रमाणित पेशाकर्मीहरू तयार गर्नु। |
| प्रतिष्ठानस्तरको पालना | • प्रतिष्ठानस्तरमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सञ्चालन र व्यवस्थापनमा थप स्रोतसाधन जुटाउनु।<br>• सम्बन्धित कानुनहरूको प्रभावकारी अनुपालन सुनिश्चित गर्नु। |

## २. राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रम

### २.१ दुरदृष्टि

श्रमिकहरुको सुरक्षित तथा स्वस्थ कार्य वातावरणमा काम गर्ने अधिकार सुनिश्चित गर्दै उत्पादकत्व अभिवृद्धि गर्नु।

### २.२ उद्देश्य

राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रमका उद्देश्य देहाय बमोजिम रहेका छन्:

१. नीतिगत तथा कानुनी प्रणालीलाई सुदृढ बनाउने।

२. सरकार तथा सामाजिक साझेदारहरूको संस्थागत संयन्त्र र क्षमतामा सुधार गर्ने।

३. व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य निरीक्षण प्रणालीलाई थप प्रभावकारी बनाउने।

४. सरोकारवालाहरूबीच समन्वय तथा सहकार्यमा सुधार गर्ने।

५. व्यवसायजन्य दुर्घटना तथा रोगसम्बन्धी प्रतिवेदन प्रणाली विकास तथा प्रवर्द्धन गर्ने।

६. व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी अनुसन्धान, सिकाइ, सचेतना, शिक्षा र तालिमलाई प्रवर्द्धन गर्ने।

७. प्रतिष्ठानस्तरीय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य व्यवस्थापन प्रणाली प्रवर्द्धन गरी व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी कार्यसम्पादनलाई वढाउने।

**२.३ प्रतिफल**

**उद्देश्य १: नीतिगत तथा कानुनी प्रणालीलाई सुदृढ बनाउने।**

**प्रतिफल १.१:** सङ्घीय परिवेश र अतर्राष्ट्रिय श्रम मापदण्डअनुरुप हुने गरी श्रम कानुन र व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसँग सम्बन्धित कानुनको परिमार्जन र संशोधन गरिएको हुनेछ।

**प्रतिफल १.२:** क्षेत्रगत व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य मापदण्ड, निर्देशिका र अभ्यास संहिताको विकास भएको हुनेछ।

**उद्देश्य २: सरकार तथा सामाजिक साझेदारहरूको संस्थागत संयन्त्र र क्षमतामा सुधार गर्ने।**

**प्रतिफल २.१:** व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यका मापदण्डहरू प्रवर्द्धनका लागि त्रिपक्षीय समिति गठन भएको हुनेछ।

**प्रतिफल २.२:** सङ्घ, प्रदेश र स्थानीय सरकारको संस्थागत क्षमतामा सुधार आएको हुनेछ।

**प्रतिफल २.३:** व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी काम गर्ने कर्मचारी तथा अन्य पेशाकर्मीहरूको क्षमता विकास भएको हुनेछ।

**प्रतिफल २.४:** व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी सेवा र अन्य अनुसन्धानको लागि पेशाकर्मी तथा संस्थाको प्रमाणीकरण भई परिचालन हुनेछ।

**उद्देश्य ३: व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य निरीक्षण प्रणालीलाई थप प्रभावकारी बनाउने।**

**प्रतिफल ३.१:** व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी निरीक्षणको लागि सरकारी निकायको संस्थागत सबलीकरण तथा क्षमता अभिवृद्धि हुनेछ।

**प्रतिफल ३.२:** व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य निरीक्षणसम्बन्धी कार्यविधिको कार्यान्वयन भएको हुनेछ।

**उद्देश्य ४: सरोकारवालाहरूबीच समन्वय तथा सहकार्यमा सुधार गर्ने।**

**प्रतिफल ४.१:** सरोकारवालाबीच समन्वय तथा सहकार्यको लागि सञ्जालको विकास भएको हुनेछ।

**प्रतिफल ४.२:** अन्तर्राष्ट्रिय निकाय लगायतका विकास साझेदार र सबै तहका प्राज्ञिक संस्थाहरूसँग प्राविधिक सहकार्य भएको हुनेछ।

**उद्देश्य ५: व्यवसायजन्य दुर्घटना तथा रोगसम्बन्धी प्रतिवेदन प्रणाली विकास तथा प्रवर्द्धन गर्ने।**

**प्रतिफल ५.१:** कार्यस्थलमा हुने व्यवसायजन्य रोग तथा दुर्घटनाको प्रतिवेदनका लागि अनलाइन प्रणालीसहितको संयन्त्र विकास भई एकीकृत श्रम व्यवस्थापन सूचना प्रणालीमा समाहित भएको हुनेछ।

**प्रतिफल ५.२:** व्यवसायजन्य रोग तथा दुर्घटनाको अभिलेखीकरण भई प्रचलित कानुन अनुरुप उपचार तथा क्षतिपूर्ति प्रदान गरिएको हुनेछ।

**उद्देश्य ६: व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी अनुसन्धान, सिकाइ, सचेतना, शिक्षा र तालिमलाई प्रवर्द्धन गर्ने।**

**प्रतिफल ६.१**: सुरक्षित र स्वस्थ संस्कृति प्रवर्द्धन गर्न सचेतना, शिक्षा र प्रशिक्षणका स्रोतहरू विकास गरिएको हुनेछ।

**प्रतिफल ६.२:** विद्यालय, प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र र विश्वविद्यालय तथा वैदेशिक रोजगारसम्बन्धी तालिमको पाठ्यक्रममा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसँग सम्बन्धित विषयवस्तु समावेश भएको हुनेछ।

**प्रतिफल ६.३:** व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसँग सम्बन्धित क्षेत्रगत अनुसन्धान तथा विकासको प्रवर्द्धन भएको हुनेछ।

**उद्देश्य ७: प्रतिष्ठानस्तरीय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य व्यवस्थापन प्रणाली प्रवर्द्धन गरी व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी कार्यसम्पादनलाई प्रभावकारी बनाउने।**

**प्रतिफल ७.१:** प्रतिष्ठानस्तरमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी प्रणाली मजबुत हुनेछ।

## ३. कार्यक्रमको क्षेत्र

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी राष्ट्रिय कार्यक्रमले कार्यस्थलमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य मापदण्डहरू सुदृढ गर्न एउटा विस्तृत मार्गदर्शन दस्तावेजको रुपमा काम गर्नेछ। यसले कार्यस्थलहरूमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सुधार गर्न मद्दत गर्ने उद्देश्यहरू पूरा गर्न लक्षित प्रतिफलहरू तयार गरेको छ र यो राष्ट्रिय व्यवसायजन्य सुरक्षा र स्वास्थ्य नीति २०७६ बाट निर्देशित छ। यसले सरकार, रोजगारदाता तथा रोजगारदाताको प्रतिनिधिमुलक सङ्गठन, श्रमिक र श्रमिकको प्रतिनिधिमुलक सङ्गठन, प्रतिष्ठान, आपूर्तिकर्ता र कार्यस्थलको सुरक्षा तथा स्वास्थ्य अभ्यासलाई नियमन, प्रवर्द्धन र व्यवस्थापन गर्न जिम्मेवार अन्य संस्थाहरू लगायतका प्रमुख सरोकारवालाहरूलाई समेट्छ। कार्यक्रमको लक्ष्य कानुनी ढाँचालाई सुदृढ बनाउनु, संस्थागत क्षमता अभिवृद्धि गर्नु, सूचना व्यवस्थापन तथा तथ्याङ्कआधारको व्यवस्थापनमा सुधार गर्नु, सम्बन्धित सरोकारवालाहरूबीच समन्वय गर्ने संयन्त्रलाई सुधार गर्नु र सचेतना, वकालत तथा सुरक्षा संस्कृतिसम्बन्धी गतिविधिलाई मूलप्रवाहीकरण गर्नु रहेका छन्।

## ४. कार्ययोजना

यस कार्यक्रम अन्तर्गत सातवटा उद्देश्य र प्रतिफलहरूमा आधारित रहेर तपसिल बमोजिमको कार्ययोजना तयार गरिएको छ।

## उद्देश्य १ः नीतिगत तथा कानुनी प्रणालीलाई सुदृढ बनाउने

| प्रतिफल | क्रियाकलाप | कार्यान्वयनका लागि जिम्मेवार निकाय | कार्यान्वयनको अवधि | प्रगति सूचक |
|---|---|---|---|---|
| १.१ सङ्घीय परिवेश र अन्तर्राष्ट्रिय श्रम मापदण्डअनुरुप हुने गरी श्रम कानुन र व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसँग सम्बन्धित कानुनको परिमार्जन र संशोधन गरिएको हुनेछ। | कृषि, गिग र प्लेटफर्म व्यवसाय, घरेलु तथा लघु उद्योगका रोजागरदाता तथा श्रमिक र अन्य स्वरोजगार श्रमिक लगायत सम्बन्धित सरोकारवालाहरुसँग आवश्यक सुझाव सङ्कलन गर्ने। | **जिम्मेवार निकायः** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br><br>**सहयोगी निकायः** अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, अन्तर्राष्ट्रिय श्रम सङ्गठन र सामाजिक साझेदरहरु | पहिलो र दोस्रो वर्ष | सम्बन्धित सरोकारवालहरुसँग सुझाव सङ्कलन भएको हुने। |
| | विद्यमान श्रम ऐन र सम्बन्धित कानुनहरू परिमार्जन गर्न अन्तराष्ट्रिय मापदण्ड समेतका आधारमा संशोधन मस्यौदा तयार गर्ने। | | पहिलो वर्ष | सम्बन्धित कानुनको संशोधन मस्यौदा तयार भएको हुने। |
| | सम्बन्धित कानुनको संशोधन मस्यौदामा छलफल तथा राय सुझाव सङ्कलन गरी अन्तिम रुप दिने। | | तेस्रो वर्ष | सम्बन्धित कानुनको अन्तिम मस्यौदा तयार भएको हुने। |

| प्रतिफल | क्रियाकलाप | कार्यान्वयनका लागि जिम्मेवार निकाय | कार्यान्वयनको अवधि | प्रगति सूचक |
|---|---|---|---|---|
| १.२ क्षेत्रगत व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य मापदण्ड, निर्देशिका र अभ्यास संहिताको विकास भएको हुनेछ। | क्षेत्रगत अध्ययन अनुसन्धान गरी अन्तर विश्लेषण गर्ने। | **जिम्मेवार निकायः** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br><br>**सहयोगी निकायः** सम्बन्धित मन्त्रालय, अन्तर्राष्ट्रिय श्रम सङ्गठन र सामाजिक साझेदारहरू | दोस्रो वर्ष | क्षेत्रगत अन्तर विश्लेषण प्रतिवेदन तयार भएको हुने। |
| | क्षेत्रगत विशिष्ट अवस्था ध्यानमा राख्दै निर्माण, कृषि, यातायात, उत्पादन, पर्यटन र फोहोर व्यवस्थापनका क्षेत्रमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य निर्देशिका र मापदण्ड तयार गर्ने। | | तेस्रो वर्ष | क्षेत्रगत निर्देशिका र मापदण्ड तयार भएको हुने। |

**उद्देश्य २ः सरकार र सामाजिक साझेदारहरूको संस्थागत संयन्त्र र क्षमता सुधार गर्ने**

| प्रतिफल | क्रियाकलाप | कार्यान्वयनका लागि जिम्मेवार निकाय | कार्यान्वयनको अवधि | प्रगति सूचक |
|---|---|---|---|---|
| २.१ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यका मापदण्डहरू प्रवर्द्धनका लागि त्रिपक्षीय समिति गठन भएको हुनेछ। | केद्रीय श्रम सल्लाहकार परिषद अन्तर्गत व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य समिति गठन गर्ने। | **जिम्मेवार निकायः** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>**सहयोगी निकायः** केद्रीय श्रम सल्लाहकार परिषद, सङ्घीय | पहिलो वर्ष | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य समिति गठन भई कार्य प्रारम्भ भएको हुने। |

| प्रतिफल | क्रियाकलाप | कार्यान्वयनका लागि जिम्मेवार निकाय | कार्यान्वयनको अवधि | प्रगति सूचक |
|---|---|---|---|---|
| | | तथा प्रदेश तहका सम्बन्धित मन्त्रालयहरू, रोजगारदाता र श्रमिक सङ्गठन र व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य विज्ञहरु | | |
| | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी प्रावधानहरूको प्रभावकारी कार्यान्वयनबारे छलफल गर्न व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य समितिले नियमित रुपमा बैठकहरू सञ्चालन गर्ने। | | त्रैमासिक | समितिको बैठक नियमित रुपमा बसी निर्णयको अभिलेखीकरण भएको हुने। |
| | प्रादेशिक स्तरमा समेत व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य समिति गठन तथा परिचालनका लागि सहजीकरण गर्ने। | | दोस्रो वर्ष | प्रादेशिक स्तरमा समिति गठन तथा परिचालनका लागि सहजीकरण भएको हुने। |

| प्रतिफल | क्रियाकलाप | कार्यान्वयनका लागि जिम्मेवार निकाय | कार्यान्वयनको अवधि | प्रगति सूचक |
|---|---|---|---|---|
| २.२ सङ्घ, प्रदेश र स्थानीय सरकारको संस्थागत क्षमतामा सुधार आएको हुनेछ। | विभाग, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र र श्रम तथा रोजगार कार्यालयहरूको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी आवश्यक सुधार गर्ने। | **जिम्मेवार निकायः** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>**सहयोगी निकायः** अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेशका सम्बन्धित मन्त्रालयहरु, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग र व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | पहिलो र दोस्रो वर्ष | सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा आवश्यक सुधारका भएको हुने। |
| | प्रदेश व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र स्थापनाका लागि सहजीकरण गर्ने। | | तेस्रो वर्ष | प्रदेश व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र स्थापना गर्न सहजीकरण गरिएको हुने। |
| | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सेवाहरूको प्रवर्द्धन गर्न अन्य मन्त्रालयहरू तथा समाजिक साझेदारले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्पर्क व्यक्ति तोक्ने व्यवस्था गर्ने। | | पहिलो र दोस्रो वर्ष | सम्बन्धित मन्त्रालय र सामाजिक साझेदारहरूबाट सम्पर्क व्यक्ति तोकिएको हुने। |

| प्रतिफल | क्रियाकलाप | कार्यान्वयनका लागि जिम्मेवार निकाय | कार्यान्वयनको अवधि | प्रगति सूचक |
|---|---|---|---|---|
| २.३ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी काम गर्ने कर्मचारी तथा अन्य पेशाकर्मीहरूको क्षमता विकास भएको हुनेछ। | सरकार तथा सामाजिक साझेदार, तोकिएको सम्पर्क व्यक्ति, जनस्वास्थ्य विज्ञ र मेडिकल डाक्टरहरूलाई व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी प्रशिक्षक तालिम तथा क्षमता विकाससम्बन्धी तालिम प्रदान गर्ने। | **जिम्मेवार निकायः** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>**सहयोगी निकायः** श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सामाजिक साझेदारहरू | वार्षिक | वार्षिक रुपमा कम्तीमा ५ वटा क्षमता विकास सम्बन्धी तालिमहरू सञ्चालन भएको हुने। |
| | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी जनशक्तिलाई उत्प्रेरित गर्न आवश्यक श्रोत साधन उपलब्धताको सुनिश्तिता गर्ने। | | निरन्तर | बजेट, पर्याप्त जनशक्ति, भौतिक सामग्री लगायतका आवश्यक स्रोतसाधनहरूको उपलब्धता भएको हुने। |
| | व्यवसायजन्य रोग तथा दुर्घटनाको परीक्षण, रोकथाम, उपचार तथा हेरचाहका लागि सरकारी तथा निजी अस्पतालहरूमा स्वास्थ्य | **जिम्मेवार निकायः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>**सहयोगी निकायः** श्रम, रोजगार तथा सामाजिक सुरक्षा | निरन्तर | व्यावसायजन्य रोग तथा दुर्घटनाको परीक्षण र उपचार गर्ने विशेष स्वास्थ्य संस्थाहरूको |

| प्रतिफल | क्रियाकलाप | कार्यान्वयनका लागि जिम्मेवार निकाय | कार्यान्वयनको अवधि | प्रगति सूचक |
|---|---|---|---|---|
| | निगरानी सेवा सुविधाको प्रवर्द्धन गर्ने। | मन्त्रालय, प्रादेशिक श्रम र स्वास्थ्य हेर्ने मन्त्रालय तथा स्थानीय तह | | व्यवस्था भएको हुने। |
| | सरकारी अस्पतालमा व्यवसायजन्य रोग तथा दुर्घटनासम्बन्धी विशिष्ट सेवाको लागि युनिट स्थापना गरी सेवा विस्तारको लागि सहजीकरण गर्ने। | **जिम्मेवार निकायः** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br><br>**सहयोगी निकायः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सामाजिक सुरक्षा कोष, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, प्रादेशिक तहका श्रम तथा स्वास्थ्य मन्त्रालयहरू तथा स्थानीय तहहरू | दोस्रो र तेस्रो वर्ष | कम्तीमा तीन वटा सरकारी अस्पतालहरूमा व्यवसायजन्य रोग तथा दुर्घटनासम्बन्धी विशिष्टिकृत सेवाका लागि छुटै इकाइहरू स्थापना गरिएको हुने। |
| २.४ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी सेवा र अन्य अनुसन्धानको लागि पेशाकर्मी तथा संस्थाको प्रमाणीकरण भई परिचालन | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको प्रमाणीकरण र अडिट (स्वतन्त्र र तेस्रो पक्षीय अडिट समेत) का लागि राष्ट्रिय मापदण्ड | **जिम्मेवार निकायः** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>**सहयोगी निकायः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, श्रम तथा | दोस्रो वर्ष | मापदण्डहरू तयार भै लागू गरिएको हुने। |

| प्रतिफल | क्रियाकलाप | कार्यान्वयनका लागि जिम्मेवार निकाय | कार्यान्वयनको अवधि | प्रगति सूचक |
|---|---|---|---|---|
| हुनेछ। | विकास गरेर लागू गर्ने। | व्यवसायजन्य सुरक्षा विभाग, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | | |

**उद्देश्य ३: व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य निरीक्षण प्रणालीलाई थप प्रभावकारी बनाउने**

| प्रतिफल | क्रियाकलाप | कार्यान्वयनका लागि जिम्मेवार निकाय | कार्यान्वयनको अवधि | प्रगति सूचक |
|---|---|---|---|---|
| ३.१ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी निरीक्षणको लागि सरकारी निकायको संस्थागत सबलीकरण तथा क्षमता अभिवृद्धि हुनेछ। | प्रतिष्ठानहरूको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्वन्धी प्रभावकारी निरीक्षणको लागि निरीक्षकहरुको क्षमता अभिवृद्धि गर्ने। | **जिम्मेवार निकायः** श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग<br><br>**सहयोगी निकायः** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, | वार्षिक | वार्षिक रुपमा कम्तीमा एक पटक तालिम सञ्चालन गरिएको हुने। |
| | श्रम निरीक्षकहरूको लागि डिजिटल प्लेटफर्म विकास गर्ने। | | दोस्रो वर्ष | निरीक्षणका लागि डिजिटल प्लेटफर्म प्रयोगमा आएको हुने। |

| | | | | |
|---|---|---|---|---|
| | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य निरीक्षकहरूले सङ्कलन गरेको जानकारीको आधारमा अनुपालनको स्थिति र राष्ट्रिय तथ्याङ्कसम्बन्धी वार्षिक प्रतिवेदन तयार गर्ने। | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र, श्रम तथा रोजगार कार्यालय | वार्षिक | वार्षिक प्रतिवेदन प्रकाशित गरिएको हुने। |
| | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य निरीक्षकहरूले सङ्कलन गरेका व्यवसायजन्य दुर्घटना, रोग र चोटपटक सम्बन्धी विवरणको विश्लेषण गरी प्रभावकारी सुधारात्मक/उपचारात्मक उपायहरू कार्यान्वयन गर्ने। | | निरन्तर | सुधारात्मक/उपचारात्मक उपायहरू कार्यान्वयन भएको हुने। |
| ३.२ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य निरीक्षणसम्बन्धी कार्यविधिको कार्यान्वयन भएको हुनेछ। | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य निरीक्षणसम्बन्धी कार्यविधि तथा प्रतिवेदन प्रणालीको मूल्याङ्कन एवम् आवश्यक सुधार गरी कार्यान्वयन गर्ने। | **जिम्मेवार निकायः** श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग<br><br>**सहयोगी निकायः** श्रम, रोजगार तथा सामाजिक | पहिलो र दोस्रो वर्ष | त्रिपक्षीय सरोकारवालासँगको परामर्शमा निरीक्षणसम्बन्धी कार्यविधि संशोधन भई कार्यान्वयन भएको हुने। |

| | | | | |
|---|---|---|---|---|
| | व्यावसायजन्य दुर्घटना र रोगको प्रमाणीकरणका लागि सूचकसहितको कार्यविधि तयार गर्ने। | सुरक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र, श्रम तथा रोजगार कार्यालय र सामाजिक साझेदारहरू | दोस्रो वर्ष | व्यावसायजन्य दुर्घटना र रोगको प्रमाणीकरणका लागि कार्यविधि तयार भएको हुने। |

## उद्देश्य ४: सरोकारवालाहरूबीच समन्वय र सहकार्यमा सुधार गर्ने

| प्रतिफल | क्रियाकलाप | कार्यान्वयनका लागि जिम्मेवार निकाय | कार्यान्वयनको अवधि | प्रगति सूचक |
|---|---|---|---|---|
| ४.१ सरोकारवालाबीच समन्वय तथा सहकार्यको लागि सञ्जालको विकास भएको हुनेछ। | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसँग सम्बन्धित सेवाहरूको सुधारका लागि सरोकारवालाबीच परामर्श र सहकार्यका लागि सञ्जाल विकास गर्ने। | **जिम्मेवार निकायः** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय **सहयोगी निकायः** सम्बन्धित मन्त्रालय र सामाजिक साझेदार | निरन्तर | मन्त्रालयहरू तथा विभिन्न निकायबीच सञ्जाल विकास भएको हुने। |
| ४.२ अन्तर्राष्ट्रिय निकाय लगायतका विकास साझेदार र सबै तहका प्राज्ञिक संस्थाहरूसँग प्राविधिक सहकार्य भएको हुनेछ। | अन्तर्राष्ट्रिय श्रम सङ्गठन, अन्य विकास साझेदारहरू तथा शैक्षिक संस्थाहरू सहित अन्तर्राष्ट्रिय निकायसँग प्राविधिक सहकार्य गर्नका लागि क्षेत्रहरु पहिचान गरी छलफल तथा समन्वय गर्ने। | **जिम्मेवार निकायः** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय **सहयोगी निकायः** अन्तर्राष्ट्रिय श्रम सङ्गठन लगायतका अन्तर्राष्ट्रिय निकाय तथा विकास साझेदारहरू तथा सम्बन्धित शैक्षिक संस्थाहरू | निरन्तर | सहकार्यका क्षेत्रहरु पहिचान भई प्राविधिक सहकार्य भएको हुने। |

## उद्देश्य ५: व्यवसायजन्य दुर्घटना तथा रोगसम्बन्धी प्रतिवेदन प्रणाली विकास तथा प्रवर्द्धन गर्ने

| प्रतिफल | क्रियाकलाप | कार्यान्वयनका लागि जिम्मेवार निकाय | कार्यान्वयनको अवधि | प्रगति सूचक |
|---|---|---|---|---|
| ५.१ कार्यस्थलमा हुने व्यवसायजन्य रोग तथा दुर्घटनाको प्रतिवेदनका लागि अनलाइन प्रणालीसहितको संयन्त्र विकास भई एकीकृत श्रम व्यवस्थापन सूचना प्रणालीमा समाहित भएको हुनेछ। | व्यावसायजन्य रोग र दुर्घटनाको प्रतिवेदनका लागि अनलाइन प्रतिवेदन प्रणाली अद्यावधिक गरी एकीकृत श्रम व्यवस्थापन सूचना प्रणाली मा समाहित गर्ने। | **जिम्मेवार निकायः** श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग<br>**सहयोगी निकायः** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र, श्रम तथा रोजगार कार्यालय र सामाजिक साझेदारहरू | पहिलो, दोस्रो र तेस्रो वर्ष | व्यावसायजन्य दुर्घटना र रोगको अनलाइन प्रतिवेदन प्रणाली अद्यावधिक भई एकिकृत श्रम व्यवस्थापन सूचना प्रणालीमा समावेश भएको हुने। |
| | अनलाइन प्रतिवेदन प्रणालीको प्रयोगलाई अभिवृद्धि गर्न रोजगारदाता र श्रमिकहरूको लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने। | | निरन्तर | व्यवसायजन्य दुर्घटना, रोग र चोटको प्रतिवेदन सम्बन्धी जनचेतनामूलक अभियान सञ्चालन गरिएको हुने। |
| | व्यवसायजन्य दुर्घटना र रोगसम्बन्धी विवरण सङ्कलन गरी लैङ्गिक वर्गीकृत तथ्याङ्कसहितको प्रतिवेदन तयार गर्ने। | | वार्षिक | व्यवसायजन्य दुर्घटना र रोगसम्बन्धी विस्तृत तथ्याङ्कसहित वार्षिक प्रतिवेदन प्रकाशित भएको हुने। |
| ५.२ व्यवसायजन्य रोग तथा दुर्घटनाको अभिलेखीकरण भई | राष्ट्रिय सन्दर्भ र अन्तर्राष्ट्रिय मापदण्डअनुसार व्यवसायजन्य रोगहरूको सूचीलाई समयानकुल | **जिम्मेवार निकायः** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | आवश्यकतानुसार | सम्बन्धित सरोकारवालासँग परामर्श गरी संशोधन प्रस्ताव तयार भएको हुने। |

| प्रतिफल | क्रियाकलाप | कार्यान्वयनका लागि जिम्मेवार निकाय | कार्यान्वयनको अवधि | प्रगति सूचक |
|---|---|---|---|---|
| प्रचलित कानुन अनुरुप उपचार तथा क्षतिपूर्ति प्रदान गरिएको हुनेछ। | परिमार्जन गर्ने।<br>व्यवसायजन्य रोग तथा दुर्घटनाको अभिलेखीकरण, उपचार, क्षतिपुर्ति र पुनर्स्थापनाका लागि कार्यविधि तयार गरी कार्यान्वयन गर्ने। | **सहयोगी निकायः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रादेशिक तहका श्रम तथा स्वास्थ्य मन्त्रालयहरू, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र, श्रम तथा रोजगार कार्यालय, सामाजिक सुरक्षा कोष र रोजगारदाताका सङ्गठनहरू। | | कार्यविधि तयार भई कार्यान्वयन भएको हुने। |
| | सातवटै प्रदेशस्तरमा व्यवसायजन्य रोग र दुर्घटनाको उपचारका लागि पर्याप्त सुविधा भएका अस्पतालहरू पहिचान गरी सेवा प्रदान गर्ने व्यवस्था मिलाउने। | | दोस्रो वर्ष त्यसपछि निरन्तर | अस्पतालहरू पहिचान भई श्रमिकले सेवा प्राप्त गरेको हुने। |

**उद्देश्य ६: व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी अनुसन्धान, सिकाइ, सचेतना, शिक्षा र तालिमलाई प्रवर्द्धन गर्ने**

| प्रतिफल | क्रियाकलाप | कार्यान्वयनका लागि जिम्मेवार निकाय | कार्यान्वयनको अवधि | प्रगति सूचक |
|---|---|---|---|---|
| ६.१ सुरक्षित र स्वस्थ संस्कृति प्रवर्द्धन गर्न सचेतना, शिक्षा र | उच्च जोखिमयुक्त कार्यक्षेत्रहरू (कृषि, निर्माण, उत्पादन, पर्यटन र यातायात) मा विशेष ध्यान दिँदै | **जिम्मेवार निकायः**<br>श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | दोस्रो वर्ष त्यसपछि निरन्तर | तालिम र जनचेतना सामग्रीहरु तयार भई प्रकाशन भएको हुने। |

| प्रतिफल | क्रियाकलाप | कार्यान्वयनका लागि जिम्मेवार निकाय | कार्यान्वयनको अवधि | प्रगति सूचक |
|---|---|---|---|---|
| प्रशिक्षणका स्रोतहरू विकास गरिएको हुनेछ। | सचेतना कार्यक्रम र तालिम सामग्रीहरु तयार गर्ने। | **सहयोगी निकायः** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रादेशिक तहका श्रम मन्त्रालय, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र, श्रम तथा रोजगार कार्यालय र अन्य व्यवसायजन्य तालिम तथा अनुसन्धान संस्थाहरू। | | स्थानीय भाषामा कार्यक्षेत्र र जोखिम अनुसार व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी शैक्षिक र प्रचारात्मक सामग्रीहरू विकास भएको हुने । |
| | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रशिक्षकका लागि तालिम र सचेतना कार्यक्रम सञ्चालन गर्ने। | | निरन्तर | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य विषयमा कम्तीमा ५० प्रशिक्षकलाई तालिम प्रदान भएको हुने। |
| | राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य दिवस मनाउने संयन्त्र विकास गरी कार्यान्वयन गर्ने। | | वार्षिक | राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य दिवस मनाउने संयन्त्र विकास भई कार्यान्वयनमा आएको हुने। |
| | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य निरीक्षकलाई व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य विषयमा विशेष तालिम दिई प्रमाणीकरणको | | दोस्रो वर्ष त्यसपछि निरन्तर | सबै निरीक्षकहरूले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य व्यवस्थापनसम्बन्धी |

| प्रतिफल | क्रियाकलाप | कार्यान्वयनका लागि जिम्मेवार निकाय | कार्यान्वयनको अवधि | प्रगति सूचक |
|---|---|---|---|---|
| | व्यवस्था गर्ने। | | | तालिम प्राप्त गरेको हुने। |
| ६.२ विद्यालय, प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र र विश्वविद्यालय तथा वैदेशिक रोजगारसम्बन्धी तालिमको पाठ्यक्रममा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसँग सम्बन्धित विषयवस्तु समावेश भएको हुनेछ। | विद्यालय, प्राविधिक तथा व्यवसायिक तालिम प्रदान गर्ने विद्यालय, कलेज, विश्वविद्यालयहरू र वैदेशिक रोजगार सम्बन्धी विषय र पाठ्यक्रममा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य समावेश गर्ने उद्देश्यले परामर्श र छलफलको आधारमा सामग्री तयार पार्ने। | **जिम्मेवार निकायः** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, स्थानीय तहहरू, तथा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्<br>**सहयोगी निकायः** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्राविधिक तथा व्यवसायिक तालिम केन्द्रहरू र अन्य विशेषज्ञ संस्थाहरू | पहिलो र दोस्रो वर्ष | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी विषय माध्यामिक, उच्च शिक्षा तथा अन्य तालिमका पाठ्यक्रमहरूमा समावेश भएको हुने। |
| ६.३ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसँग सम्बन्धित क्षेत्रगत अनुसन्धान तथा विकासको प्रवर्द्धन भएको हुनेछ। | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी अनुसन्धानका विषय पहिचान गरी विश्वविद्यालयको सहकार्यमा अनुसन्धान गर्ने र यस्ता अनुसन्धानहरूको प्रकाशन गर्ने। | **जिम्मेवार निकायः** व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र<br>**सहयोगी निकायः** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, विश्वविद्यालयहरू, अनुसन्धान संस्था, अनुसन्धानकर्ताहरू | वार्षिक | अनुसन्धान दस्तावेजहरू प्रकाशित गरिएको हुने। |

**उद्देश्य ७: प्रतिष्ठानस्तरीय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य व्यवस्थापन प्रणाली प्रवर्द्धन गरी व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी कार्यसम्पादनलाई प्रभावकारी बनाउने।**

| प्रतिफल | क्रियाकलाप | कार्यान्वयनका लागि जिम्मेवार निकाय | कार्यान्वयनको अवधि | प्रगति सूचक |
|---|---|---|---|---|
| ७.१ प्रतिष्ठानस्तरमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी प्रणाली मजबुत हुनेछ। | प्रतिष्ठानस्तरमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति निर्माण एवम् समिति गठन तथा सञ्चालन गर्ने। | **जिम्मेवार निकायः** सम्बन्धित प्रतिष्ठानहरू<br>**सहयोगी निकायः** श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र, श्रम तथा रोजगार कार्यालय तथा रोजगारदाता र कामदार सङ्गठनहरू (ट्रेड युनियनहरू सहित)। | निरन्तर | कम्तीमा २५ हजार प्रतिष्ठानमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति निर्माण एवम् समिति गठन भई प्रतिवेदन प्राप्त भएको हुने। |
| | व्यवसायजन्य चोटपटक, दुर्घटना र रोगको प्रतिवेदन प्रणाली प्रवर्द्धन गर्ने। | | वार्षिक | कम्तीमा ५ हजार प्रतिष्ठानले व्यवसायजन्य चोटपटक, दुर्घटना र रोगको अभिलेख राखेको हुने। |
| | श्रमिक र व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य समितिलाई आवश्यक तालिम प्रदान गर्ने। | | वार्षिक | कम्तीमा एक हजार प्रतिष्ठानका समिति र १० हजार श्रमिक लाई |

| प्रतिफल | क्रियाकलाप | कार्यान्वयनका लागि जिम्मेवार निकाय | कार्यान्वयनको अवधि | प्रगति सूचक |
|---|---|---|---|---|
| | | | | तालिम प्रदान गरिएको हुने। |
| | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यका क्षेत्रमा उत्कृष्ट अभ्यास गरेका प्रतिष्ठानहरूलाई प्रोत्साहन गर्न निर्देशिका तयार गरी कार्यान्वयन गर्ने। | | दोस्रो वर्ष | निर्देशिका तयार भई कार्यान्वयनमा आएको हुने। |

## ५. राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रमको कार्यान्वयन पद्धति

### ५.१ बजेट व्यवस्थापन

राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रमको कार्यान्वयनका लागि कुल बजेट रू. २ करोड ५५ लाख आवश्यक पर्ने देखिन्छ। कार्यक्रम तीनवटै तहका सरकारको नियमित वार्षिक बजेट तथा राष्ट्रिय र अन्तराष्ट्रिय विकास साझेदारहरुको आर्थिक तथा प्राविधिक सहकार्यमा कार्यान्वयन गरिनेछ। कार्यान्वयनमा संलग्न साझेदारहरूको सम्भावित योगदानअनुसारको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।


| उद्देश्य | बजेट (रु. लाखमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन गर्ने निकाय | सङ्घीय सरकारको बजेट | प्रदेश सरकारको बजेट | स्थानीय सरकारको बजेट | रोजगारदाता र श्रमिक सङ्गठनको योगदान | अन्य निकायको योगदान (अन्तर्राष्ट्रिय सङ्गठनहरू, द्विपक्षीय साझेदार, गैर सरकारी संस्था आदि) | कैफियत |
| उद्देश्य १: नीति तथा कानुनी प्रणालीलाई सुदृढ बनाउने | ५० | २५ | २ | २ | १ | २० | |
| उद्देश्य २: सरकार तथा सामाजिक साझेदारहरूको संस्थागत संयन्त्र तथा क्षमतामा सुधार गर्ने | ३५ | १० | २ | २ | १ | २० | |
| उद्देश्य ३: व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य निरीक्षण प्रणालीलाई थप प्रभावकारी बनाउने | ४० | १५ | २ | २ | १ | २० | |
| उद्देश्य ४:सरोकारवालाहरूबीच समन्वय तथा सहकार्यमा सुधार गर्ने | १५ | ५ | २ | २ | १ | ५ | |
| उद्देश्य ५: व्यवसायजन्य दुर्घटना तथा रोगसम्बन्धी प्रतिवेदन प्रणाली विकास तथा प्रवर्द्धन गर्ने | २५ | १० | २ | २ | १ | १० | |
| उद्देश्य ६: व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी अनुसन्धान, सिकाइ, सचेतना, शिक्षा र तालिमलाई प्रवर्द्धन गर्ने | ७० | २५ | १० | ३ | २ | ३० | |

| उद्देश्य | बजेट (रु. लाखमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन गर्ने निकाय | सङ्घीय सरकारको बजेट | प्रदेश सरकारको बजेट | स्थानीय सरकारको बजेट | रोजगारदाता र श्रमिक सङ्गठनको योगदान | अन्य निकायको योगदान (अन्तर्राष्ट्रिय सङ्गठनहरू, द्विपक्षीय साझेदार, गैर सरकारी संस्था आदि) | कैफियत |
| उद्देश्य ७: प्रतिष्ठानस्तरीय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य व्यवस्थापन प्रणाली प्रवर्द्धन गरी व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी कार्यसम्पादनलाई प्रभावकारी बनाउने | २० | ८ | २ | २ | ६ | २ | |

## ५.२ संस्थागत व्यवस्थापन

राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रम कार्यान्वयनको नेतृत्व श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गर्नेछ। कार्यक्रम कार्यान्वयनका लागि विस्तृत संस्थागत ढाँचा तलको तालिकामा प्रस्तुत गरिएको छ।

**व्यसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी राष्ट्रिय कार्यक्रम कार्यान्वयनको संस्थागत ढाँचा**




श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य हेर्ने शाखाले कार्यक्रम कार्यान्वयन इकाइको रुपमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य समितिसँग समन्वय गरेर कार्य गर्नेछ। यसले आवश्यकताअनुसार प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय गर्नेछ। साथै, सम्बन्धित मन्त्रालय, सामाजिक र विकास साझेदारहरूसँग थप समन्वय र सहकार्य गर्नेछ। राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रमको प्रभावकारी व्यवस्थापन र निरन्तरताका लागि

आवश्यकताअनुसार सम्बन्धित मन्त्रालय र कार्यालयहरूमा थप समिति स्थापना गर्न सकिनेछ। विस्तृत कार्यक्षेत्र र जिम्मेवारी तलको तालिकामा प्रस्तुत गरिएको छ।

| संस्थागत संरचना | कार्यक्षेत्र र जिम्मेवारी |
|---|---|
| राष्ट्रियस्तर - श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | – राष्ट्रिय नीति, कानुन र मापदण्ड निर्माण एवम् पुनरावलोकन गर्ने।<br>– सामाजिक साझेदार र अन्तर्राष्ट्रिय श्रम सङ्गठन सहितका निकायबीच आपसी समन्वय तथा मन्त्रालयहरूबीच समन्वय र सहकार्य गर्ने। |
| व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य शाखा (श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय) | – राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रम कार्यान्वयन इकाईको रुपमा काम गर्ने।<br>– कार्यक्रमलाई कार्यान्वयन गर्ने गराउने।<br>– सामाजिक साझेदार र अन्तर्राष्ट्रिय श्रम सङ्गठन सहितका निकायबीच आपसी समन्वय तथा मन्त्रालयहरुबीच समन्वय र सहकार्य गर्ने।<br>– बजेट विनियोजन गर्ने।<br>– अनुगमन, मूल्याङ्कन र प्रतिवेदन तयार गर्ने। |
| श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग र व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | – मन्त्रालय तथा निकायबीच समन्वय र सहकार्य गर्ने।<br>– अनुसन्धान तथा विकास र प्रशिक्षण एवम् प्रवर्द्धन गर्ने। |
| श्रम तथा रोजगार कार्यालयहरू | – नियमन, प्रवर्द्धन र कार्यान्वयनको काम गर्ने।<br>– व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रावधानहरूको कार्यान्वयन सुनिश्चित गर्न स्थानीय सरकारसँग समन्वय गर्ने। |
| प्रतिष्ठानस्तर (व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य समिति) | – कार्यान्वयन र प्रवर्द्धन गर्ने।<br>– सरकार तथा सामाजिक साझेदारहरूसँग सहकार्य गर्ने।<br>– प्रतिवेदन पेश गर्ने। |

### ५.३ अनुगमन, मूल्याङ्कन र प्रतिवेदन

राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रमको कार्यसम्पादन अनुगमन प्रत्येक आर्थिक वर्षको अन्त्यमा वार्षिक रुपमा गरिनेछ। यसका लागि तपसिल बमोजिमको कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ। यस समितिले कार्यक्रमको नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गरी

प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नेछ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले समितिको सिफारिसमा आवश्यकता अनुसार कार्यक्रममा संशोधन गर्न सक्नेछ।

**अनुगमन तथा मूल्याङ्कन समितिः**

अध्यक्षः सहसचिव, श्रम सम्बन्ध तथा सामाजिक संरक्षण महाशाखा, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सदस्यः उपमहानिर्देशक, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग

सदस्यः निर्देशक (प्राविधिक), श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग

सदस्यः केन्द्र प्रमुख, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र

सदस्यः उपसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

सदस्यः उपसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सदस्यः रोजगारदाता सङ्गठन प्रतिनिधि

सदस्यः श्रमिक सङ्गठन प्रतिनिधि

सदस्य-सचिवः प्रमुख, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य हेर्ने शाखा, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय